नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र

फोन नं. :४२००३३९, ४२००३४२,
४२००३४३, ४२००३४६,
४२००३४७, ४२००३४९,
४२००३५०, ४२००३५१
फ्याक्सः४२००४००
हटलाइन :४२००३४५
इमेल :navic@nvc.gov.np
वेवसाइट :www.nvc.gov.np
सिंहदरवार, काठमाडौं।

प.सं.: २०७६/०७७

| च.नं. | २ | ४ | ० | ० | ० | ० | ० | ४ | ८ | ५ |
|---|---|---|---|---|---|---|---|---|---|---|

मितिः २०७६।१०।०६

विषयः प्रगति विवरण पठाइएको सम्बन्धमा ।

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
(प्रेस तथा सूचना समन्वय शाखा)
सिंहदरवार ।

त्यहाँ मन्त्रालयको प.सं. ०७६/७७ च.नं. प्रेस-२२/१८१ मिति २०७६।०६। २९ गते पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा २०७६ कार्तिक १ देखि २०७६ पुष मसान्तसम्म यस केन्द्रबाट सम्पादन भएका मुख्य मुख्य कामहरूको विवरण यसै पत्रसाथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(डालनाथ अर्याल)
उपसचिव तथा सूचना अधिकृत

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

**राष्ट्रिय सतर्कता केन्द्रबाट २०७६ कार्तिक १ गतेदेखि २०७६ पौष मसान्तसम्म**

**सम्पादित कार्यहरू:**

१. गत आ.ब. बाट अ.ल्या. भई आएका ४६० र चालु आ.ब.को कार्तिक १ गतेदेखि पुष महिनासम्ममा दर्ता भएका २७२ गरी जम्मा ७१७ उजुरी मध्ये २५७ वटा उजुरी फछ्र्यौट भएको ।

२. सिंहदरवार बाहिरका १६७ वटा कार्यालयको समयपालना, नागरिक बडापत्र, पोषाक र सरसफाइ सम्बन्धी अनुगमन गरिएको र देखिएका त्रुटी सच्याउन लेखी पठाइएको । समयपालना नगर्ने ४७६, तोकिएको पोशाक नलगाउने २२९, गरी जम्मा ७०५ रहेको र ४५१ जनालाई कारवाही गरिएको जानकारी प्राप्त हुन आएको ।

३. कार्तिकदेखि पौष मसान्तसम्म ४५० जना सेवाग्राहीको सेवाग्राही सर्भेक्षण गरी देखिन आएको परिणाम गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्य समेत सम्पन्न भएको ।

४. यस केन्द्रमा परेका उजूरीहरू मध्ये केन्द्रको निर्णयवाट ४८ वटा उजूरीको छानबिन गर्न टोली गठन भएकोमा २२ वटा टोलीवाट प्रतिवेदन प्राप्त भएको र अन्य छानविनकै क्रममा रहेको ।

५. आ.ब. २०७५/७६ को सम्पत्ति विवरण बुझाएको सम्बन्धमा सूचना सङ्कलन गर्ने कार्य Online Software मार्फत् सञ्चालन भइरहेको । हालसम्म सम्पत्ति विवरण बुझाए/नबुझाएको सम्बन्धमा प्रतिवेदन तयारी भइरहेको ।

६. गोष्ठी र कर्मचारी/स्थानीय तहका पदाधिकारीलाई सदाचार शिक्षा कार्यका लागि जिल्लाहरू छनोट भई कार्यान्वयन चरणमा रहेको । प्रत्येक प्रदेशमा एक एक वटा गोष्ठी सञ्चालन गर्न भोजपुर, रौतहट, सिन्धुली, गोरखा, बर्दिया, जाजरकोट र कन्चनपुर छनोट भएकोमा गोरखा, सिन्धुली र भोजपुरमा सम्पन्न भइसकेको । कर्मचारी/स्थानीय तहका पदाधिकारीलाई सदाचार शिक्षा कार्यक्रम संचालन गर्न तीसवटा जिल्ला छनोट भएकोमा तनहुँको बन्दीपुर गाउँपालिका, महोत्तरीको गौशाला नगरपालिका, धनुषाको चारनाथ गणेशमान नगरपालिका, खोटाङको हलेसी तुहाचुङ्ग नगरपालिकामा सम्पन्न भएको ।

७. विस्तृत अध्ययन गर्ने ८ वटा विषयहरू छनौट भई टोली गठन गर्ने कार्य सुरू भएको ।

८. पच्चीस (२५) वटा आयोजनाहरूको प्राविधिक परीक्षण गर्न प्राविधिक परीक्षक छनौटको भई सम्झौता सम्पन्न भएको ।

९. गत आ.व.मा प्राविधिक परीक्षण गरिएका १०७ वटा आयोजनाको अपरिपालना (NCR) सच्याउन लेखी पठाइएको र सोको अनुगमनको लागि आवश्यक व्यवस्था भइरहेको ।

१०. प्राविधिक परीक्षण तालिमको तयारी अन्तिम चरणमा रहेको ।

११. यस अवधिमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा(८) अनुसार माग भएका तीनवटा सूचनाहरू यथासमयमा उपलब्ध गराइएको ।